# उपेक्षित समुदाय सशक्तिकरण तथा विकास मञ्च डोटीको बिधान-२०६३

दोस्रो संशोधन २०७६

**प्रस्तावना :**

समाजमा बिद्यमान रहेका सबै किसिमका आर्थिक एंवम् सामाजिक असमानता हटाई बिभिन्न जातजाती, धर्म, भाषा, वर्ण र सम्प्रदायका विच सामञ्जस्यता स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जिवनको स्थापना र बिकास गर्ने उद्धेश्यले यो मञ्चको गठन गरी यस संस्थाको विधान २०७६ पहिलो पटक २०७५ मा संशोधन गरिएकोमा पुनः दोस्रो पटक संशोधन गर्न लागिएको हो ।

डोटी जिल्लामा गठित विभिन्न समुदायमा आधारित संगठनहरुलाई संगठित गर्दै उपेक्षितहरुको समुदाय/संगठनहरु को बिकास गर्दै अधिकारमा आधारित बिकास प्रक्रियाको थालनीको लागि वकालत गर्न र विकास प्रक्रियामा समुदायको प्रत्यक्ष संलग्नताको सुनिश्चितताको लागी यो मंचको गठन गर्न लागिएको हो । विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरु बिच सम्पर्क र समन्वय कायम गरि उपेक्षितहरुको चेतनास्तर ,संगठनात्मक बिकास तथा जिवनस्तर अभिबृद्धि गर्ने कार्यमा क्रियाशिल समुदायमा आधारित संगठनहरुको संगठनात्मक बिकास गर्ने उद्देश्यले यो मंचको गठन गर्न लागिएको हो ।

तोलेनी, डौड, कलेना, बगलेक, खिरसैन, गैरागाउ, काडामाण्डौं, सानागाउ, गाँजरी र पोखरीका समुदायमा आधारित संस्थाहरु मिलेर छाता संगठनका स्वरुप गैर नाफा मुलक, समाजको हित गर्ने उदेश्यले यो संस्थाको स्थापना गर्न लागिएको हो ।

## परिच्छेद १

**प्रारम्भ**

**१ संक्षिप्त नाम,कार्यक्षेत्र र प्रारम्भ :**

क) यो मंचको नाम “उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच डोटी” हुने छ । अग्रेजिमा Upekshit Samudaya Sashaktikaran Tatha Bikas Manch Doti तथा छोटकरीमा ( USSBM - Doti) रहनेछ ।

ख) यसको बिधानको नाम “उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच डोटी को बिधान दोस्रो संशोधन २०७६” रहनेछ ।

ग) यो बिधान उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच डोटी संचालनको लागि हुनेछ ।

घ) यस संस्थाको कार्यलय सेती अञ्चल डोटी जिल्ला को दिपायल सिलगढी नगरपालिका ६ सिलगढीमा रहनेछ ।

ङ) यस संस्थाको कार्यक्षेत्र डोटी जिल्ला भर रहनेछ । तर उद्देश्य र प्रकृतिको आधारमा नेपाल अधिराज्य भर नै कार्यक्रम र संगठन बिस्तार गर्न सकिनेछ ।

च) यस संस्थाको लक्षित कार्यक्षेत्र समुदायमा आधारित संगठनहरु हुनेछन ।

छ) यो विधान प्रंचलित कानुन बमोजिम दर्ता भै मंचको प्रथम साधारण सभाबाट अनुमोदन भएपछि लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

क) “ विधान” भन्नाले उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच डोटी को विधान दोस्रो संशोधन २०७६ लाई बुझ्नु पर्दछ ।

ख)“ उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच डोटी” भन्नाले मंचको विधान २०६३ बाट स्थापित संस्थालाई समझनु पर्दछ ।

ग)“साधारण सभा” भन्नाले मंचमा सदस्यता लिएको सदस्यहरुको भेलालाई समझनु पर्दछ ।

घ) “साधारण सदस्य” भन्नाले मंचमा सदस्यता बापत तिर्नुपर्ने रकम बुझाई नाम दर्ता गराउने साधारण सदस्य समझनु पर्दछ ।

ङ) “कार्यकारी समिति” भन्नाले उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच डोटी संचालन गर्न गठित कार्यकारी पदाधिकारीहरुको समितिलाई बुझ्नुपर्दछ ।

च) “संस्थापक सदस्य” भन्नाले उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच डोटी दर्ताका लागि दस्तखत गर्ने सदस्यहरुलाई समझनु पर्दछ ।

छ) “अध्यक्ष” भन्नाले उपेक्षित समुदाय बिकास मंचको अध्यक्षलाई समझनु पर्दछ ।

ज) “पदाधिकारी” भन्नाले उपेक्षित समुदाय बिकास मंचको कार्यकारिणी समितिका सदस्यहरुलाई वा अन्य कुनै पद ग्रहण गर्ने व्यक्तिलाई जनाउंछ ।

झ) “उपसमिति” भन्नाले उपेक्षित समुदाय बिकास मंचमा आवद्ध भएका संगठनहरु संचालनको लागि गठित प्रत्येक संगठनको कार्यकारिणी समितिलाई समझनु पर्दछ ।

ञ) “सभासद” भन्नाले संगठनले मंचको साधारणसभाको लागि छनौट गरेको संगठनको सदस्यलाई समझनु पर्दछ ।

ट) “उपाध्यक्ष” भन्नाले उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच डोटी को उपाध्यक्षलाई समझनु पर्दछ ।

ठ) “सचिव” भन्नाले उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच डोटी को सचिवलाई समझनु पर्दछ ।

ड) “कोषाध्यक्ष” भन्नाले उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच डोटी को कोषाध्यक्षलाई समझनु पर्दछ ।

**३.छाप, संस्थाको चिन्ह र कार्यालय :**

क) यस संस्थाको छाप बृताकार मा माथि उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच तल सिलगढी डोटी स्थापना २०६२ लेखेको र बृतको बिचमा तोलेनी, डौड, कलेना, बगलेक, खिरसैन, गैरागाउ, काडामाण्डौं, सानागाउ, गाँजरी र पोखरीका समुदायमा आधारित संस्थाको स्वरुप १० वटा तारा र बिचमा सबैको प्रतिनिधित्व हुने गरी यस संस्था चिनिने स्वरुप सुर्य अंकित र संस्थाको नाम तथा ठेगानाका बिचमा १ / १ वटा ताराहरु छपाली र गिरीचौका का समुदायमा आधारित संस्थाको प्रतिक स्वरुप भएको छाप लेखिएको हुनेछ । जुन अनुसूचि एक अनुसार हुनेछ ।

ख) उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच सिलगढी डोटीको कार्यालय डोटी जिल्लाको सिलगढीमा रहनेछ ।

## परिच्छेद २

## उद्देश्य

४. उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच **को उद्देश्य निम्न अनुसारको हुनेछ :**

क) यो संस्था पूर्ण रुपले मूनाफा रहित र जनहितकारी संस्था हुनेछ ।

ख) समुदायमा आधारित संगठनहरुको संगठनात्मक बिकासमा सहयोग पुर्‍याउने ।

ग) अधिकारमा आधारित बिकास प्रक्रियालाई सूनिश्चित गर्न वकालत गर्ने ।

घ) सामाजिक कूरिती कू-संस्कार बिरुद्ध अभियान संचालन गर्ने ।

ङ) समुदायमा आधारित संगठनहरुलाई व्यवस्थित र क्रियाशिल गराउन बिभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग सम्पर्क समन्वय राखि आबश्यक स्रोतका लागी पहल गर्ने र सहयोग गर्ने ।

च) सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।

छ) सिपमुलक तथा व्यवसायिक तालिमहरु संचालन गर्ने ।

ज) दलित, महिला, वालवालिका, आदिवासि, अपांग, हलिया, एच.आई.भी. एड्स, जनजाती, सिमान्तकृत समुदाय, पिछडिएका तथा पछाडि परेका वर्गकालाई सहयोग गर्ने ।

झ) खानेपानी तथा सरसफाई, शिक्षा, स्वास्थ्य, जनचेतनामुलक, जलवायु परिवर्तन, वातावरण संरक्षण, अधिकार, आदिका क्षेत्रमा वकालत गर्ने, पहल गर्ने र सहयोग गर्ने, तथा कार्यक्रम संचालन गर्ने ।

**५.संस्थाको उद्देश्य प्राप्तीको लागि गरिने कामहरु निम्नानुसार हुनेछन :**

क) स्थानिय संस्थाको क्षमता अभिबृद्धि हुने खालका तालिमहरु संचालन गर्ने ।

ख)संस्थालाई आबश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा लिने वा लिजमा लिनेछ । र कम्प्यूटर,टेलिफोन,टाईप राईटर र फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) संस्थालाई आबश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका सर्तहरु निर्धारण गर्नेछ ।

घ) समुदाय बिद्यमान विभेद न्यूनिकरण गर्न चेतनामुलक क्रियाकलाप संचालन गर्ने ।

ङ) स्थानिय श्रोत साधनको परिचालन गरि बिकास निर्माणका कार्य गर्ने ।

च) गरिवी न्यूनिकरणको लागि बचत तथा ऋण परिचालन गर्ने ।

छ) बाह्य श्रोत जुटाई बिकास निर्माणमा सहयोग गर्ने ।

ज) संस्थाले कार्यक्रम संचालन गर्दा नेपालको प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट स्विकृती वा अनुमति प्राप्त पछि मात्र उद्देश्य प्राप्तीका लागि उपरोक्त कार्यक्रम कार्यान्वयन गर्नेछ ।

झ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरि बैंक खाता खोल्नेछ ।

ञ) तालिम दिई आधुनीक व्यवसायीक उद्यमीहरु तयार गर्ने ।

ट) दलित, महिला, वालवालिका, आदिवासि, अपांग, हलिया, एच.आई.भी. एड्स, जनजाती, सिमान्तकृत समुदाय, पिछडिएका तथा पछाडि परेका वर्गकालागि श्रोत जुटाइ खानेपानी तथा सरसफाई, शिक्षा, स्वास्थ्य, जनचेतनामुलक, जलवायु परिवर्तन, वातावरण संरक्षण, अधिकार, आदिका क्षेत्रमा सहयोग गर्ने ।

## परिच्छेद ३

### ६.सदस्यको प्रकार

**क) साधारण सदस्य :**

बिधिवत संस्था दर्ता ऐन अर्न्तगत दर्ता भएका समुदायमा आधारित संगठनहरु यस मंचको साधारण सदस्य हुनेछन ।

**ख) मानार्थ सदस्य :**

संस्थालाई आवश्यक सहयोग र सल्लाह प्रदान गर्ने ब्यक्तिलाई यो सदस्यता प्रदान गरिनेछ ।

**ग) संस्थापक सदस्य :**

उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच को स्थापना गर्न तदर्थ समितिमा रहेका सम्पुर्ण सदस्य संस्थाहरु संस्थापक सदस्य हुनेछन ।

**घ) संस्थागत सदस्य :**

उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच को उद्देश्य अनूरुप सहयोग गर्न तत्पर बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुलाई दिएको सदस्यता बुझिन्छ ।

**ङ) सल्लाहकार सदस्य :**

उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच को उद्देश्य प्राप्तीको लागि आवश्यक सल्लाह सुझाव लिन सल्लाहकार सदस्यता प्रदान गर्न सकिनेछ । यस्तो सदस्यता प्रदान गर्ने निर्णय मंचको कार्य समितिले लिन सक्नेछ ।

**च) आजिवन सदस्य :**

तोकिएको एकमूस्त रकम तिरी प्राप्त गर्न सकिनेछ ।

**७.सदस्यता शूल्क :**

**क) साधारण तथा संस्थापक सदस्यता शूल्क :**

१)प्रवेश शूल्क : रु.५००/-

२)नविकरण शूल्क : रु.५००/-

३)बार्षिक सेवा शूल्क : सदस्य संस्थाहरुलाई आबश्यक सहयोग पूर्याए बापत बार्षिक सेवा शूल्क : रु.१०००/- लिन सक्नेछ ।

**ख) संस्थागत/ सल्लाहकार/मानार्थ सदस्यता शूल्क :**

संस्थागत, सल्लाहकार, मानार्थ सदस्यहरुलाई कुनै शूल्क तोकिने छैन तर सहयोग स्वरुप प्राप्त हुने सहयोग ग्रहण गरिने छ ।

**ग) आजिवन सदस्यता :**

एकमुस्ट रु.५००० तिरी प्राप्त गर्न सकिनेछ ।

**८.प्रतिनिधि सदस्यको योग्यता :**

क) सामाजिक र आर्थिक रुपले पिछडिएका ।

ख) १८ बर्ष उमेर पुगेको हुनुपर्ने ।

ग) नेपाली नागरिकता भएको ।

घ) विधान र समाज प्रति सकारात्मक विचारधारा भएको ।

ङ) समुदायमा आधारित संस्थामा क्रियाशिल रहेको र विधिवत चयन गरेको ।

च) फौज्दारी अभियोगमा सजाय नपाएको ।

छ)मानसिक सन्तुलन ठिक भएको ।

**९.संस्थाको सदस्य नियूक्ति वा बहाल रहन नसक्ने अबस्था**

देहायको कुनै ब्यक्ति संस्थाको सदस्य पदमा नियुक्त हुन सक्ने छैन ।

क) मगज बिग्रेको वा बौलाएको ।

ख) दामासाहीमा परेको ।

ग) नियम अनुसार सदस्यता शुल्क नतिरेमा ।

घ) संस्थालाई अहित हुने काम गरेमा ।

ङ) लिखित रुपमा समुहको कूनै सदस्यको उजुरी पर्न आएमा यदि छानबिन गर्दा त्यस्तै प्रमाण भेटिएमा वा सदस्यहरु मध्ये दुई तिहाईले सहमति दिएमा ।

च) कुनै प्रकारको चोरी,ठगी,किर्ते वा जालसाझि गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई एक बर्षभित्र ।

छ) सम्बन्धित संस्थाको ब्यबसायमा निजि स्वार्थ भएको ।

ज) सदस्यता शुल्क बुझाउन बाकी भएको ।

देहायको अवस्थामा कूनै ब्यक्ति संसथाको सदस्यमा बहाल रहने छैन ।

क) उपदफा(१) बमोजिम सदस्य पदमा नियुक्त हुन नसक्ने भएमा,

ख) साधारणसभाबाट ७५ प्रतिशत बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेमा ,

ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्विकृत भएमा ,

घ) संस्थाको काम कारवाहीमा बेईमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ,

ङ) यस बिधान बमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा,

कुनै ब्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ति हुन वा बहाल रहन अयोग्य ठहर्‍याउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको सवुद पेश गर्ने मौका दिनु पर्नेछ ।

**१०.कार्यकारिणीको चूनाव उठ्न अयोग्यता :**

क) परिच्छेद७ उपधारा २२ बमोजिम हुनेछ ।

**परिच्छेद ४**

**११.साधारण सभा तथा कार्य समिति**

**यस संस्थाको साधारण सभा देहायबमोजिम हुनेछ ।**

**क)साधारणसभा र बिशेष साधारण सभा**

यस संस्थाको प्रथम साधारण सभा संस्थापन भएको आ.व.समाप्त भएको मितिले दूई महिना भित्रमा गरिनेछ र त्यस पछिको बार्षिक साधारण सभाहरु आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिना भित्र गरिनेछ ।

क)साधारण सभा नै यस मंचको सर्वोच्च अंग भएकोले यस सभामा देहाएका सदस्य हुनेछन । जसलाई साधारणसभा भनिनेछ ।

- कार्यसमितिका पदाधिकारीहरु ।
- साधारण सदस्यहरु
- आजिवन सदस्यहरु
- संस्थागत /सल्लाहकार र मानार्थ सदस्यहरु (संस्थागत/सल्लाहकार र मानार्थ सदस्यहरुले मतदान गर्न र उम्मेदवारी दिन पाउने छैनन्) ।

**१२.साधारण सभाको अधिवेशन :**

क) साधारण सभाको बैठक बर्षमा एक पटक हुनेछ र साधारण सभाको अधिवेशन ३ /३ बर्षमा हूनेछ तर साधारण सभा सदका ५० प्रतिशत सदस्यहरुले कारणसहित लिखित आग्रह गरेमा बिशेष साधारण अबिधेशन जहिले पनि बस्न सकिनेछ ।

ख) अधिबेसन बोलाउन कम्तिमा १५ दिन अगाडि नै बैठक बस्ने मिति समय स्थान बारे जानकारी दिनूपर्नेछ । बिशेष अधिवेशनको लागि एक हप्ता अगाडि जानकारी दिनुपर्नेछ । साधारण अधिवेशनमा सदस्य संस्थाले तिन दलित, महिला र अन्य दुई जना प्रतिनिधि पठाउनेछ ।

**१३.साधारण सभाको काम ,कर्तब्य र अधिकार :**

क) मंच संचालनको लागि सदस्यहरु मध्येबाट ११ जानको कार्य समिति गठन गर्ने । कार्यसमितिमा दलित, महिला, अपांग आदि समावेशीको आधारमा छनौट गरि गठन गरिनेछ ।

ख) कार्य समितिद्धारा बर्षभरि गरिएको सम्पूर्ण कामको समिक्षा गरि प्रतिवेदन पारित गर्ने र कार्य समितिलाई पृष्ठपोषण गर्ने ।

ग) प्रत्येक आर्थिक बर्षको बार्षिक बजेट तर्जूमा गर्ने ,पारित गर्ने र कार्य समितिको निर्वाचन गर्ने तथा आन्तरिक लेखापरिक्षण गर्ने ।

घ) कार्य समितिले सन्तोष जनक वा मंचलाई हित हुने काम गरेको छैन भन्ने कुरा साधारण सदस्यहरु मध्ये ५० प्रतिशत लाई लागेमा नियम अनुसारको साधारणसभा बोलाई दुई तिहाईको समर्थन भएका कार्यसमिति स्वत बिघटन हुनेछ ।

ङ) निति निर्धारण गर्ने ।

च)दुई तिहाईको बहुमत भएमा बिधान संशोधन गर्ने ।

छ) मंचको बार्षिक कार्यक्रम र बजेट स्विकृत गर्ने ,साधारण सभाको स्विकृति बिना वार्षिक कार्यक्रम र बजेट कार्यन्वयन एवम् खर्च गर्न पाईने छैन ।

**१४.कार्यसमितिको गठन :**

क) मंच संचालनको लागि सदस्यहरु मध्येबाट ११ जनाको कार्य समिति गठन गर्ने ।

ख) अध्यक्ष तथा अन्य पदाधिकारीहरु सहित ११ जना सदस्यहरुबाट गोप्य मतदानबाट छानिनेछ । कार्यसमितिमा दलित, महिला, अपांग आदि समावेशीको आधारमा छनौट गरि गठन गरिनेछ ।

ग) कार्यसमितिको अवधि ३ बर्षको हूनेछ ।

घ) कार्यसमितिको निर्बाचित सदस्यहरु मध्ये कूनै पद रित्त हून आएमा अध्यक्षले साधारण सदस्यहरुवाट १ जना सदस्य साधारणसभा नबसून्जेल सभाको लागि मनोनित गर्न सक्नेछ ।

ङ) कार्यसमितिको पदाधिकारीको उमेर २० बर्ष पूरा भई ५५ बर्ष ननाघेको हुनुपर्नेछ ।

च) कार्य समितिमा महिला पुरुष समुहको अनुपातमा महिला पुरुषलाई प्रतिनिधित्व गराईनेछ । (महिला प्रतिनिधिको संख्या बढि राखिनेछ )

छ) कार्य समितिका लागि निम्न लिखित पदहरु हुनेछन ।

१) अध्यक्ष १जना

२) उपाध्यक्ष १ जना

३) सचिव १ जना

४) स-सचिव १जना

५) कोषाध्यक्ष १ जना

६) सदस्य ६ जना

जम्मा ११जना

**१५. कार्यकारिणी समितिको बैठक :**

क) कार्यकारिणी समितिको बैठक चार महिनाको एक पटकको हिसावले बर्षको ३ पटक अनिवार्य रुपले बस्नेछ ।

ख) कार्य समितिको कुल संख्याको आधा भन्दा बढि सदस्यहरुको उपस्थित भएको बैठक गणपूरक मानिनेछ ।

ग) कार्यकारिणी समितिको बैठक बारेमा कम्तिमा ७ दिन अगाडि सबै पदाधिकारीहरुलाई बैठक, बैठक बस्ने मिति, समय र स्थानवारे जानकारी गराउनु पर्नेछ ।

घ) कार्यकारिणी समितिको साधारण बैठक कार्यसमितिको दुई तिहाई सदस्यको लिखित अनुरोध वा अध्यक्षको आह्वानमा बस्नेछ ।

ङ) कार्यसमितिको बैठकमा बहूमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

**१६. कार्यसमितिको काम,कर्तब्य र अधिकार :**

क) मंचको बैठक सिलगढि स्थित कार्यलयमा बस्नेछ ।

ख) कार्यलय तथा कार्यक्रम संचालनको लागि कर्मचारी एंवम स्वयम्सेवक को ब्यबस्था गर्ने र निजहरुको पारिश्रमिक निर्धारण गर्ने ।

ग) कार्यकारिणी समितिलाई आवयक परेमा जुनसुकै बेलामा पनि साधारणसभा बोलाउन सक्नेछ ।

घ) मंचभित्र परि आएको सम्पूर्ण काम गर्ने ।

ङ) कार्यसमितिको निर्णय बहुमतद्धारा हुनेछ, मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

च) कुनै पनि ब्यक्ति वा संघसंस्था संग कानुन नियम बामेजिम संस्थाको उद्देश्य प्राप्तीको लागि बार्ता सम्झौताहरु गर्ने ।

छ) कानुन सम्मत तरिकाबाट प्राप्त श्रोतको परिचालन गर्ने ।

ज) मंच संचालनको लागि आबश्यक निति नियमहरु बनाई लागु गर्ने ।

झ) सदस्य संस्थाहरुको संस्थागत बिकासका लागि बिभिन्न संघ संस्थासंग समन्वय कायम गरि उनिहरुको पहिचान बढाउन सहयोग गर्ने ।

## परिच्छेद ५

## काम,कर्तब्य र अधिकार

**१७.पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार :**

**१.अध्यक्ष :**

क) कार्यसमिति बैठक एंव साधारण सभा बोलाउने तथा मंचको काम कार्वाहीको संबनधमा प्रतिनिधित्व गर्ने गराउने ।

ख) निति नियमको पालना गर्ने गराउने ।

ग) कार्य समितिको बैठकको अध्यक्षता गर्ने ।

घ) साधारणसभा तथा कार्यसमितिद्धारा गरिएको निर्णय कार्यन्वयन गराउने ।

ङ) बैंक खाता संचालन गर्नै ।

च) कार्यमितिका सदस्यहरुको राजिनामा स्विकृत गर्ने ।

छ) माग फाराम स्विकृत गर्ने । बिलभौचर प्रमाणित गर्ने ,तथा सम्पूर्ण सम्पतिको रेखदेख ,संरक्षण र नियन्त्रण गर्ने ।

ज) कार्यसमितिको स्विकृती लिई कुनै कर्मचारी नियुक्ति गर्ने वा हटाउने ।

झ) पदाधिकारी सदस्यहरु तथा कर्मचारीहरुमा कामको बांडफांड गर्ने ।

ञ) कुनै कार्यमा मत बराबर भएमा अन्तिम निर्णय दिने ।

ट) संस्थाको हितको लागि सम्पुर्ण कार्य गर्ने ।

ठ) बिभिन्न संघ संस्था संग सम्पर्क समन्वय राख्ने ।

ड) कर्मचारी नियुक्त गर्ने तथा नियुक्ति दिने ।

**२. उपाध्यक्ष :**

क) अध्यक्षको अनुपस्थितिमा निजबाट गर्नूपर्ने काम सबै गर्ने ।

ख) अध्यक्षको काममा सहयोग गर्ने ।

ग) अध्यक्षले खटाएको काम गर्ने ।

**३. सचिव :**

क) साधारणसभा तथा कार्यसमितिले गरेका निर्णय लेखि सुरक्षित राख्ने ।

ख) अध्यक्षले लगाएको काम गर्ने ।

ग) प्रशासनिक काम गर्ने ।

घ) सुचनाहरु आदान प्रदान गर्ने ।

ङ) अफिसको रेखदेख गरि सुव्यवस्थित गर्ने ।

च) अध्यक्षको सल्लाह लिई बैठक बोलाउने ।

**४.स-सचिव :**

क) सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने र सचिवलाई सघाउने ।

ख) अध्यक्षले लगाएको काम गर्ने ।

**५.कोषाध्यक्ष :**

क) आम्दानी खर्चको लेखा राख्ने र लेखापरिक्षण गराउने ।

ख) आर्थिक प्रशासनिक काममा सहयोग गर्ने ।

ग) बजेट पेश गर्ने ।

घ) आयश्रोतको खोजी गर्ने ।

ङ) बिभिन्न व्यक्ति तथा संघ संस्थाबाट उठेको रकम जम्मा गर्ने ।

च) अध्यक्ष ,सचिव र कोषाध्यक्षको नाममा खाता खोल्ने ।

**६.सदस्यहरु :**

क) आफ्नो क्षेत्र भित्रका कुनैपनि समस्या रेखदेख गरि यथार्थ कूराहरु समितिमा पेश गर्ने ।

ख) राम्रो सल्लाह तथा सुझाव पेश गर्ने ।

ग) बिधानमा उल्लेखित उद्देश्यहरुको प्राप्तीको लागि संचालन गरिएका सवै कार्यक्रमहरुमा सहयोग गर्ने ।

घ) साधारण सदस्यहरुको काम कर्तव्य बहन गर्नु पर्नेछ ।

## परिच्छेद ६

## आर्थिक ब्यवस्था

**१८. आर्थिक श्रोत :**

क) सदस्य शुल्कबाट जम्मा हुने रकम ।

ख) जुनसुकै अवस्थामा नगद जिन्सी वा दान उपहार सहयोग स्वरुप प्राप्त हुन आएको सम्पति

ग) नेपाल सरकार तथा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान । अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने अनुदान तथा बैदेशिक सहयोग लिदा नेपाल सरकारको स्विकृती लिई मात्र सहयोग एंव आर्थिक अनुदान लिईनेछ ।

घ) नियमित शूल्कबाट जम्मा हूने रकम ।

ङ) विविध रकम ।

१९.चलअचल सम्पतीको बिवरण :

प्रचलित कानून तथा नियम बमोजिम आर्थिक बिवरण तोकिएको ढांचामा स्पष्ट र दुरुस्त राख्ने र चलअचल सम्पतीको बिवरण ब्यबस्थित ढंगले राखिनेछ ।

**२०.कोष :**

१.धारा ६ बाट उल्लेखित स्रोतहरुबाट प्राप्त रकम संस्थाको नामबाट कोष खडा गरि कुनै पनि बैंकमा जम्मा गरिनेछ ।

२. यसरी खडा भएको कोषको संचालन अध्यक्ष र सचिव  र कोषध्यक्ष को सयूक्त दस्तखतबाट संचालन हुनेछ। कुनै २ जनाको अनिवार्य हुने गरी समेत खाता संचालन गर्न सकिनेछ।

**२१. आर्थिक बिवरण र लेखापरिक्षण :**

१.मंचको आर्थिक बिवरण ठिकसंग राखी मान्यता प्राप्त लेखापरिक्षकबाट बार्षिक रुपमा लेखापरिक्षण गराउनु पर्नेछ।

२. मंचको हिसाव बिवरण र लेखापरिक्षण प्रतिवेदन प्रत्येक बर्ष स्थानिय अधिकारी समक्ष पेश गरिनेछ।

३. लेखा परिक्षक नियुक्त गर्ने तथा सेवा सुविधा सम्बन्धि को अधिकार कार्यसमितिले तय गर्ने छ।

## परिच्छेद७

## निर्वाचन

**२२. निर्वाचन सम्बन्धि ब्यवस्था :**

१.कार्यकारिणी समितिको पदाधिकारीहरुको चुनाव साधारणसभामा ५१ प्रतिशत उपस्थित सदस्यहूबाट ३/३ बर्षमा हूनेछ।

२. चुनाव सम्बन्धि सम्पूर्ण काम गर्न कार्य समितिले र साधारण सदस्यहरुबाट कम्तिमा ३ जनाको निर्वाचन समिति गठन गर्नेछ र सो समितिले कार्यसमितिको पदाधिकारी तथा सदस्यहरुको चुनाव गर्नेछ। सो अबधिमा समितिले गरेको काम यसै बिधान बमोजिम गरेको मानिनेछ।

३. सवै स्तरको चुनाव गोप्य मतदानद्धारा हुनेछ।

२३. निर्वाचनको लागि उम्मेदवार हुने योग्यता :

१. मंचको साधारण सदस्य नहुनेले उम्मेदवार हून पाउने छैन।

२. कुनै सदस्यले सदस्यता प्राप्त गरेको १ बर्ष अबधि नपूगि कार्य समितिको कुनै पनि पदमा उम्मेदवारी हुन पाउनेछैन। तर पहिलो पटकको लागि यो नियम लागु हुनेछैन।

३. सदस्यता दिएर २ महिना पुगेको सदस्यलाई मताधिकार प्राप्त हूनेछ।

४. १६ बर्ष उमेर पुरा भएको हुनुपर्नेछ।

५. महिला पुरुष दुवै उम्मेदवार हुन पाउनेछन।

**२४. अविश्वासको प्रस्ताव :**

१. कार्य समितिमा समितिको कुनै सदस्य माथि अविश्वासको प्रस्ताव पेश गर्न समितिमा रित पूर्वक निवेदन दिन पाईनेछ जसमा साधारण सदस्यहू मध्यबाट ५० प्रतिशतले कारण खूलाई हस्ताक्षर गरेको निवेदन हुनुपर्छ। यसरी दर्ता भई साधारणसभा बोलाउन सदस्यहरुबाट आवहान भएको ३५ दिन भित्र साधारणसभा बोलाई उक्तदिनमा निवेदन पेश गरि दर्ता भएको सदस्यको दूई तिहाई सदस्यबाट समर्थन भएमा समिति वा सदस्यता बिघटन वा निष्कासन हुनेछ।

२. निर्वाचन भएको ६ महिना भित्र अविश्वासको प्रस्ताव पेश गर्न पाईनेछैन।

३. अविश्वासको आरोप लागेको सदस्यलाई कम्तिमा १ हपताको लिखित अग्रीम सूचना दिई निजलाई सो आरोप सम्बन्धमा सफाई पेश गर्ने मौका दिनूपर्दछ ,दिईनेछ।

४. अध्यक्ष विरुद्ध पेश गरिएको प्रस्ताव छलपक्रल हूंदा बैठकमा उपस्थित उपाध्यक्ष वा सभाले सदस्यहू मध्येबाट छानेको व्यक्तिले अध्यक्षता गर्नेछ ।

५. अविश्वास प्रस्तावको छलफल गर्दा सभा वा बैठकमा पूरा सदस्यको ७५ प्रतिशत सदस्य उपस्थित हुनु पर्नेछ ।

**२५. विधान वनाउने अधिकार :**

१. विधान बनाउने अधिकार साधारण सभालाई हुनेछ । यस बिधानमा थपघट गर्नु परेमा सम्पूर्ण सदस्यको २ तिहाईले अनूमोदन गरेपछि संसोधन वा खारेजीको लागि स्थानिय अधिकारी समक्ष सिफारिस गरि पठाउनु पर्नेछ । स्थानिय अधिकारीबाट स्विकृत भएपछि मात्र संस्थाको कूनै दफा संसोधन वा खारेजी भएको मानिनेछ ।

२. विधान संसोधनको लागि कार्यसमितिले साधारणसभामा पेश गर्नेछ र २ तिहाईको बहूमतद्धारा पारित भै स्थानिय अधिकारीको स्विकृति पछि लागु हुनेछ ।

३. कुनै सदस्यले विधान संसोधनको सुझाव लिखित रुपमा कार्य समितिमा पेश गर्नु पर्नेछ । साधारणसभा हुनु भन्दा ३० दिन अगाडि दर्ता नभएको निवेदन कार्य समितिले साधारण सभामा राख्न बाध्य हुनेछैन । अन्यथा कार्यसमितिले प्रत्येक सदस्यलाई विधानको प्रस्ताव बाट राय समेत लिखित रुपमा २ हप्ता अगाडी सभासदहरुलाई पठाउनु पर्नेछ ।

**२६. नियमावली बनाउने अधिकार :**

यस विधानको उद्देश्य कार्यन्वयन गर्न कार्य समितिले नियम बनाउन सक्नेछ । यसलाई बार्षिक साधारण सभाको ५१ प्रतिशत सदस्यले समर्थन गर्नु जरुरी छ र स्थानिय अधिकारीलाई जानकारी दिनुपर्नेछ ।

**२७. उपस्थिति र निर्णय :**

१. बार्षिक साधारणसभा बैठकको लागि ६० प्रतिशत सदस्यको उपस्थिति हुनु अनिवार्य छ । गणपुरक संख्या अपुग भएमा दोस्रो पटक १ तिहाई सदस्यको उपस्थिति गणपुरक मानिनेछ तर यस अघि साधारण सदस्यलाई जानकारी गराउनु पर्नेछ ।

२. यस विधानमा विशेष मतबाट निर्णय गर्नू पर्ने ब्यवस्था भएकोमा बाहेक अन्य कूरामा साधारण सदस्यहूको बहूमतबाट निर्णय भै लिखित हस्ताक्षर भएकोलाई मान्यता दिईनेछ ।

**२८.सदस्यबाट हट्ने ब्यवस्थान :**

कुनै पनि पदाधिकारी वा सदस्य देहाएका अवस्थामा आफ्नो पद वा सदस्यताबाट हट्नेछ ।

१. अध्यक्षले सम्बन्धित कार्यसमिति समक्ष वा कार्य समितिका सदस्यहरुले सम्बन्धित अध्यक्ष समक्ष राजिनामा दिएमा ।

२. मृत्यु भएमा ।

३. संस्थाको बिरुद्धमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरिक भएको पुष्टि भएमा ।

४. संस्थालाई अहित हुने काम गरेमा ।

५. दिर्घ रोगी भएमा वा मानसिक सन्तुलन ठिक नभएमा ।

६. ३ पटक सम्म बिना जानकारी बैठकमा उपस्थित नभएमा ।

७. समिति बिघटन भएमा ।

**२९. मंचको विघटन :**

१. बार्षिक साधारण सभामा सम्पूर्ण सदस्य संख्याको दुई तिहाई सदस्यहरुको उपस्थितिको मतले संस्थाको आबश्यकता र औचित्य नरहेको ठहराएमा स्वत बिघटन हुनेछ ।

२. यसरी मंच बिघटन गर्न निर्णय गर्ने सदस्यहरुको निर्णय बमोजिम चलअचल सम्पति ऐन कानून बमोजिम नेपाल सरकारलाई हस्तान्तरण गरिनेछ।

३. खारेजीको प्रस्ताव पारित गर्दा एक वा एक भन्दा बढि लिक्विडेटरहरु र संस्थाको हिसाब किताब जाच गर्नको लागी एक वा एक भन्दा बढी लेखा परिक्षकहरु नियूक्ति गर्न सक्नेछ। लिक्विडेटर लेखा परिक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकि दिए बमोजिम हुनेछ।

४. उपरोक्त बमोजिम नियूक्ति लिक्विडेटर तथा लेखा परिक्षकले संस्था खारेजि सम्बन्धि काम कार्वाही गर्नेछन।

**३०. प्रचलित ऐन कानुन संग बाभ्रूने:**

यस मंचको गतिबिधि तथा निर्णयहरु संस्थाको हक र हितलाई हेरि नेपाल अधिराज्यको प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

३१. मंचको दैनिक कार्य संचालन गर्नको लागी विधानको मुलभुत उद्देश्यमा प्रतिकुल प्रभाव नपर्ने गरि कार्य समितिले आवश्यक नियम बनाउन सक्नेछ।

**३२) खाता संचालन :**

क) उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच डोटी को मुख्य खाता संस्थाको अध्यक्ष ,कोषाध्यक्ष र सचिव को संयुक्त दस्तखतबाट खाता संचालन गरीने छ। अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै २ जनाको संयुक्त हस्ताक्षरवाट पनि खाता संचालन गर्न सकिनेछ।

ख) प्रचलिन ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेष्ता राख्ने ब्यवस्था मिलाउनु पर्नेब्यबस्था गरिनेछ।

**ग) परियोजना तर्फको खाता संचालनः**

परियोजना प्रमुख, लेखा राख्ने व्यक्ति र कार्यसमितिले तोकेको १ जना ब्यक्ति सहित ३ जनाको संयुक्त हस्ताक्षरवाट खाता संचालन हुने र ३ मध्ये कुनै २ को हस्ताक्षर बाट कारोबार संचालन गर्न सकिनेछ।

**३३. यस संस्थाको स्थापना गर्न २०६३ मा रहेका तदर्थ समितिका पदाधिकारीहरु यस संस्थाका संस्थापक सदस्यहरु रहेका छन जुन यस प्रकार छन :**

| क्र.स. | नाम,थर | पद स्थापना | प्रतिनिधि संस्था | साविकको ठेगाना | ठेगाना |
|---|---|---|---|---|---|
| १ | दुर्गा देवि जोशी | अध्यक्ष | समाज सेवा केन्द्र | डौड ६ | सायल गा.पा. ५ |
| २ | इन्द्रा देवी भण्डारी | उपाध्यक्ष | ग्रामिण जनसरोकार समिति | खिरसैन ६ | पुर्वीचौकि गा.पा. १ |
| ३ | चेतराज उपाध्याय | सचिव | समाज सेवा केन्द्र | डौड ६ | सायल गा.पा. ५ |
| ४ | इन्द्र बहादुर रावत | कोषाध्यक्ष | खप्तड उपेक्षित जन सेवा संघ | गैरागाउ ३ | पुर्वीचौकि गा.पा. ३ |
| ५ | विस्ना देवी सिंह | सह सचिव | नयाँ समाज निर्माण संस्था | तोलेनी ३ | सायल गा.पा. २ |
| ६ | जय बहादुर बडैला | सदस्य | सामुदायिक जन उत्थान | पोखरी ६ | पुर्वीचौकि गा.पा. ७ |
| ७ | गोरख बहादुर ताम्राकार | सदस्य | जागृत समाज संस्था | कलेना २ | दि.सि.न.पा. ९ |
| ८ | भुनी देवी बोगटी | सदस्य | सगरमाथा विकास केन्द्र | काडामाण्डौ २ | पुर्वीचौकि गा.पा. ५ |
| ९ | लिला देवी खडका | सदस्य | जनउत्थान सेवा संघ | सानागाउं ६ | पुर्वीचौकि गा.पा. ४ |
| १० | जमुना देवी ओली | सदस्य | बशुधारा सेवा समिति | वगलेक ५ | पुर्वीचौकि गा.पा. २ |
| ११ | देवी भण्डारी | सदस्य | प्रगतिशिल समाज सेवा | गाजरी | पुर्वीचौकि गा.पा. ६ |

**३४. हामी यस संस्थाका निम्न कार्यसमितिका पदाधिकारीहरु यस विधान बमोजिम कार्य गर्न मंन्जुर भै बिधानमा सहीछाप गर्दछौ ।**

| क्र.स. | नाम,थर | पद | प्रतिनिधि संस्था | ठेगाना | दस्तखत |
|---|---|---|---|---|---|
| १ | विस्ना देवि सिंह | अध्यक्ष | नयाँ समाज निर्माण | सायल गा.पा. २ तोलेनी | |
| २ | टिका सिं नेपाली | उपाध्यक्ष | बासुधारा सेवा समिति | पुर्वीचौकि गा.पा. २ बगलेक | |
| ३ | जयन्द्र ब. खड्का | सचिव | जनउत्थान सेवा संघ | पुर्वीचौकि गा.पा. ४ सानागाउ | |
| ४ | राजु देवी कामी | स-सचिव | जागृत समाज संस्था | दि.सि.न.पा. ९ कलेना | |
| ५ | डम्बर सिं डौडी | कोषाध्यक्ष | ग्रामिण जनसरोकार समिति | पुर्वीचौकि गा.पा. १ खिरसैन | |
| ६ | ईन्द्र ब. रावत | सदस्य | खप्तड उपेक्षित जनसरोकार | पुर्वीचौकि गा.पा. ३ गैरागाउ | |
| ७ | वजिर दमाई | सदस्य | खप्तड उपेक्षित जनसरोकार | पुर्वीचौकि गा.पा. ३ गैरागाउ | |
| ८ | टंक प्रसाद भण्डारी | सदस्य | प्रगतिशिल समाज सेवा | पुर्वीचौकि गा.पा. ६ गाजरी | |
| ९ | लक्ष्मी जोशी (शर्मा) | सदस्य | समाज सेवा केन्द्र | सायल गा.पा. ५ डौड | |
| १० | पशुपती कुमारी जोशी | सदस्य | सगरमाथा विकास केन्द्र | पुर्वीचौकि गा.पा. ५ काडामाण्डौं | |
| ११ | देब वहादुर खड्का | सदस्य | जनउत्थान सेवा संघ | पुर्वीचौकि गा.पा. ४ सानागाउ | |

**अनुसुची १**